आर्थिक बर्ष २०७४/०७५ को

# बिभिन्न बिषयगत समितिहरुको प्रतिवेदन

अन्नपूर्ण गाउँपालिका

म्यागदी जिल्ला

प्रदेश नं. ४

२०७४

१) सार्वजनिक सेवा तथा क्षमता बिकास समिति :–

संयोजक :– श्री गम बहादुर फगामी
सदस्य :– श्री घन बहादुर पाईजा
सदस्य :– श्री पबित्रा खड्का
सदस्य :– श्री टेक माया पुन तिलिजा
सदस्य :– श्री रुद्रराज तिलिजा
सदस्य :– श्री अमृत गर्बुजा
सदस्य :– श्री यम बहादुर पुन
सदस्य :– श्री हर्क बहादुर पाईजा

उक्त समितिले यस अन्नपुर्ण गाउँपालिकाको कार्यपालिकालाई तपशिल बमोजिमका सुझावहरु दिने निर्णय गरेको छ :–

१. सामान्य सेवा :–

१.१ अन्नपुर्ण गाउँपालिका अन्तर्गत रहेका आठ ओटा वडाभित्र रहने सबै बर्गका जनताहरुलाई कुनै किसिमका विभेद नगरी नागरिकहरुले पाउन सेवा-सुविधालाई पहिलो प्राथमिकतामा राखिनेछ ।

१.२ सबै वर्गका नागरिकहरुले सेवा प्राप्त गर्नको लागि सामान्यतया तल्लो तह टोल सुधार समिति हुन्दै सम्वन्धित वडा कार्यालयसम्म बास्तविकता हो वा होईन छानबिन गरेर सेवा प्रदान गर्ने ब्यवस्था मिलाईनेछ ।

२. सूचना प्रविधि :–

२.१ आजको जमाना भनेको इन्टरनेटको प्रविधियुक्त बिकासमा समाहित युग हो । त्यसैले प्रत्येक नागरिकले सूचनाको हक प्राप्त गर्नु नैसर्गिक अधिकार हो । अत: अन्नपुर्ण गाउँपालिकालाई सूचना र सञ्चारको माध्यमबाट सबै वडालाई इन्टरनेटको माध्यमबाट एक अर्कोमा जोड्नु आवश्यक छ । गाउँ-वस्ती, टोल-टोलमा छिटो र छरितो सूचना प्रदान गर्न Pen With WiFi को ब्यवस्था गरिनेछ । तथापि बिषयगत कार्यालय र वडा कार्यालय तथा स्कुलहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।

२.२ प्रत्येक वडाको नागरिहरुलाई सूचनाको हक दिलाउन वडा कार्यालय तथा टोल सुधार समितिको सूचना पाटीमा आवश्यक सार्बजनिक सूचनाहरु टाँस गरी सूचित गरिनेछ ।

२.३ १०० वाट सम्मको F.M. रेडियो सञ्चालन गर्न आवश्यक प्रकृया अगाठि बढाईनेछ ।

३. सुरक्षा ब्यवस्थापन :–

३.१ आवश्यक सुरक्षा ब्यवस्था गर्न अन्नपुर्ण गाउँपालिकाको मातहतमा रहने गरी नगर प्रहरीको ब्यवस्थासम्म गर्न सकिनेछ ।
३.२ सुरक्षा ब्यवस्तालाई चुस्त राख्न नेपालमा सरकारमा मातहतमा रहने प्रहरी र सुरक्षाको ब्यवस्था हेरी आर्मीको माग समेत गर्न सक्नेछ ।
३.३ आकस्मिक तथा दैबी प्रकोपको बेला अन्नपुर्ण गाउँपालिकाबाट आवश्यक जनशक्ति खटाई राहत तथा अनुदान उपलब्ध गराउन यो समिति कटिबद्ध रहनेछ ।
३.४ सार्वजनिक पाटी-पौवा, मन्दिर, धार्मिक स्थल तथा सम्बेदनशील ठाउँहरुलाई उचित संरक्षण र सुरक्षा प्रदान गरिनेछ ।

४. पञ्जीकरण ब्यवस्थापन :–

४.१ अन्नपुर्ण गाउँपालिका अन्तर्गत सबै वडा कार्यालयहरुमा जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाई-

सराई दर्ता तथा पञ्जीकरण कार्यलाई अध्यावधिक गरिने र चुस्त-दुरुस्त राखिनेछ ।

५. तथ्याङ्क सङ्कलन तथा अभिलेख ब्यवस्थापन :–

५.१ सबै बिषयगत शाखा कार्यालय, वडा कार्यालय तथा सँस्थाहरुको बास्तबिक तथ्याङ्क तथ अभिलेख ब्यवस्थालाई चुस्त र दुरुस्त राख्न निर्देशन दिईनेछ ।

६. शुसासन प्रबर्द्धन :–

६.१ सेवा प्रदायक कार्यालयहरुमा शुसासन कार्यन्वयन गर्न आवश्यक निर्देशन दिईनेछ ।

७. सार्वजनिक सुनुवाई :–

लेखा-परीक्षण/सार्वजनिक परीक्षण

७.१ प्रत्येक बिषयगत कार्यालय, वडा कार्यालय, उपभोक्ता समिति लगायत सम्पूर्ण संघ-सँस्थाहरुको सार्वजनिक सुनुवाई तथा लेखापरीक्षणलाई पारदर्शी तथा चुस्त र दुरुस्त राख्न प्रशासनिक तथा सेवा-समितिका सम्पूर्ण टिम कुनै पनि बेल आवश्यक्ता अनुसार जाँच तथा निरीक्षण गर्नसक्नेछ ।

८. कार्यालय ब्यवस्थापन :–

८.१ आवश्यक कर्मचारी नियुक्तिको लागि सम्वन्धित निकायहरुमा पहल गरिनेछ ।

९. क्षमता बिकास :–

९.१ क्षमता बिकास गर्न आवश्यक सीप तथा तालिमको ब्यवस्था गर्न निर्देशन गरिनेछ ।

२) आर्थिक बिकास समिति :–

संयोजक :– श्री आत्मा तुलाचन
सदस्य :– श्री दिलिप कुमार गर्बुजा
सदस्य :– श्री दिनेश कुमार तिलिजा
सदस्य :– श्री मायादेबी पुन
सदस्य :– श्री बिर बहादुर पौडेल
सदस्य :– श्री टिका घताने
सदस्य :– श्री देव कुमारी खोरजा
सदस्य :– श्री चेत कुमारी खड्का

उक्त समितिले यस अन्नपुर्ण गाउँपालिकाको कार्यपालिकालाई तपशिल बमोजिमका सुझावहरु दिने निर्णय गरेको छ :–

१. अन्नपुर्ण गाउँपालिका अन्तर्गत जलस्रोत, पर्यटन, प्राकृतिक स्रोत, पर्यावरण, खनिज, जडिबुटी, गिटी-बालुवा, स्थानीय स्तरका कर जस्ता आन्तरिक स्रोतहरुलाई वडास्तरीय सुझाव मार्फत स्थानीय सरकारले कानुन बनाई परिचलन गर्ने ।

२. अन्नपुर्ण गाउँपालिका कृषिमा आधारित भएकाले आत्मनिर्भर कृषि प्रणाली अवलम्वन गर्न कृषिको सम्भाव्यता अध्ययन गरी पराम्परागत कृषिलाई ब्यवसायीकरण गर्दै आधुनिकीकरण गर्ने ।

३. पशुपालन ब्यवसायीकरण गर्न यस क्षेत्रका अधिकांश भू-भाग चरण क्षेत्र, बुट्यान क्षेत्र र घाँस रोप्नको लागि खुल्ला क्षेत्र रहको हुँदा यस क्षेत्रका पशुपालकहरुलाई वातावरण तयार गर्ने नीति अख्तियारी गर्ने ।

४. अन्नपुर्ण गाउँपालिकामा पाईने स्थानीय स्रोत-साधनलाई प्रयोग गर्नसक्ने गरी ब्यवसायिक तालिम, अनुदान, आवश्यक प्राविधिक सहयोग मार्फत जीवन स्तर उकास्ने नीति अवलम्वन गर्ने ।

३) पूर्वाधार बिकास समिति :–

संयोजक :– श्री कृष्ण प्रसाद बरुवाल
सदस्य :– श्री बुद्धि बहादुर पुन
सदस्य :– श्री राजेश तिलिजा
सदस्य :– श्री पशुपति बुढाथोकी
सदस्य :– श्री टिकाराम पुन
सदस्य :– श्री खम बहादुर गर्बुजा
सदस्य :– श्री मेक बहादुर गर्बुजा
सदस्य :– श्री गंगा बि.क.
सदस्य :– श्री शोभा बि.क.

उक्त समितिले यस अन्नपुर्ण गाउँपालिकाको कार्यपालिकालाई तपशिल बमोजिमका सुझावहरु दिने निर्णय गरेको छ :–

१. अल्पकालिन नीति :–

क) अन्नपुर्ण गाउँपालिका भित्रमा नेपाल सरकारको संविधान २०७२ ऐन बमोजिम सबै जनतहरुको जिऊ-धनको सुरक्षा हिँड-डुल, ब्यापार-ब्यवसाय गर्न पाउनेछन । गाउँपालिकाको नीति-नियम सबै वडाहरुमा समान रहनेछ । यस गाउँपालिका भित्र डाँकाचोरी जस्ता गैर कानूनी क्रियाकलाप गर्ने गराउने ब्यक्ति दण्डनीय हुनेछ ।

ख) अब्यबहारिक रुपमा रहेको मेला-जात्रालाई क मगर्दै जाने र एक वडामा एक मेलाको नियम बनाईनेछ ।

ग) १६ बर्ष मूनिका सबै बालबालिकालाई अनिवार्य शिक्षा नीति ल्याईनेछ । आफ्नो धर्म, सँस्कृति, रिती रिवाजको संरक्षण गरी अरुको अधिकार पनि सम्मान गरिनेछ ।

२. दिर्घकालीन योजना :–

क) अन्नपुर्ण गाउँपालिका भित्र बहुमूखी प्राविधिक शिक्षाको स्थापन गरिने ।
ख) सबै गाउँको सडको स्तर उन्नति गरी सहज यातायातको ब्यवस्था मिलाईने ।
ग) सबै वडामा रहेका स्वास्थ्य केन्द्रको स्तर उन्नति गरी गाउँपालिकामा सूविधा सम्पनन अस्पतालमको स्थापना गरिनेछ ।
घ) विद्यमान बिद्युतलाई सुधार गरी जलबिद्युत परियोजनाहरुको बिकास गरी सबै बस्तीहरुमा बिद्युत पुर्‍याउने ब्यवस्था मिलाईनेछ ।
ङ) यस गाउँपालिका भित्र रहेका प्राकृतिक स्रोतको खोजी गरी संरक्षण र उपभोग गरिनेछ ।
च) हाल रहेको पर्यटन ब्यवसायलाई थप विस्तार एबं प्रचार गरी सबै वडामा होमस्टेको ब्यवस्था मिलाईनेछ

३. उद्योग-वाणिज्य, श्रम, रोजगार :–

क) शुन्य अवस्थामा रहको उद्योग तथा रोजगारलाई ब्यापक खोजी गरी सम्भावना रहेका ढुंगा, गिटी, ब्लक उद्याग, काष्ट उद्योग, पर्यटन उद्योग, पशुपालन उद्योगलाई लगानी गरी आम्दानी तथा रोजगारको बिकास गरिनेछ ।

४. कृषि, सिँचाई, सहकारी र गरिबी निवारण :–

क) कृषि प्रणालीलाई आधुनिकीकरण गरी आयमूलक कृषिलाई बढावा दिई कृषिमा आत्मनिर्भर गराईनेछ । बाँझो जमिन सदुपयोग गरी सिँचाई बिकासमा अधिकताम लगानी गरी गरिबी निवारण गरिनेछ ।

५. पर्यटन :–

विद्यमान पर्यटन उद्योगलाई ध्यानमा राखी प्रबल सम्भावना रहेका यस गाउँपालिकामा पर्यटन तथा पर्यटन गुरुयोजना निर्माण गरी पर्यटन बिकासमा सम्भावना रहेका ठाउँहरुमा पर्यटन बिकास गर्ने ।

६. खानेपानी तथा सरसफाई :–

"स्वस्थ पानी स्वस्थ जिन्दगानी" भन्ने नारालाई मध्यनजर गरी आगमी दुई बर्षभित्र एक घर एक धारा अन्नपुर्ण गाउँपालिकाको नारालाई पूर्णता दिईनेछ ।

७. सडक :–

आगामी एक बर्षभित्र सबै वडाहरुमा र दुई बर्षभित्र सबै गाउँहरुमा र तीन बर्षभित्र सबै बस्तीहरुमा सहज यातायात पुग्ने सडको बिस्तार गरिनेछ ।

८. बस्ती बिकास :–

जोखिम बस्तीहरुको ब्यवस्थापन गरी सबै घर-बिहिन जनताहरुलार्य आवासको ब्यवस्था गरी सबै वडा तथा

गाउँपालिकामा आवास तथा भवनको ब्यवस्था गर्न पहल गरिनेछ ।

४) वातावरण तथा विपत व्यवस्थापन समिति :–

संयोजक :– श्री नर्सिङ्ग बहादुर पुर्जा
सदस्य :– श्री कुल प्रसाद पुर्जा
सदस्य :– श्री थम बहादुर बि.क.
सदस्य :– श्री शुमाया बि.क.
सदस्य :– श्री रामसुवा नेपाली
सदस्य :– श्री मायादेवी पुन
सदस्य :– श्री राजेश तिलिजा

प्रस्तवहरु :–

१) वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन
२) फोहोरमैला व्यवस्थापन
३) गा.पा.को सौन्दर्यताको संरक्षण तथा बिकास
४) बन संरक्षण
५) बिपदको पूर्व तयारी
६) बिदको समयमा र त्यसपछिको व्यवस्थापन
७) बन, वातावरण र भूमी व्यवस्थापन

निर्णयहरु :–

१. विशयवस्तु नं.१ माथि सदस्यहरुबिच व्यापक छलफल गर्दा वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन गनृका लागि तलपशील बमोजिमका बुँदाहरुमा निर्णय गरियो ।

तपशिल :–

क) अन्नपुर्ण गा.पा.भरिका बन-जङ्गललाई संरक्षण गर्ने
ख) जथाभाबी बन फडानी गर्न नदिने ।
ग) खाली ठाउँमा बृक्षारोपण गर्ने
घ) मोटर बाटो दायाँ-बायाँ बृक्षारोपण गरी हरियाली सडको बिकास गर्ने
ङ) खेतीयोग्य जमिनको कान्लोमा डालेघाँस, फलफुल तथा अन्य शोभनीय बोट-बिरुवा रोप्ने
च) बन आगलागी हुनबाट बचाउने
छ) चोरी-सिकारी तथा बन-पैदावार तस्कारी रोक्ने
ज) बन अतिक्रमण गर्न नदिने
झ) घरपालुवा जनावर छाडा नछाड्ने
ञ) खेतीयोग्य जमिनमा अनिवार्य रुपले घुम्ती खेती गर्ने र खाली राख्ने ब्यक्तिलाई जरिवानाको ब्यवस्था गर्ने
ट) समय र परिस्थिति अनुसार माथिका बिषयहरुमा जनचेतना जगाउने
ठ) बिद्यालयको पाठ्यक्रममा यो बिषय समाबेस गर्ने

२. फोहोरमैला ब्यवस्थापन गर्ने :–

क) जनचेतना जगाउने
ख) ठाउँ-ठाउँमा होर्डिङ्ग बोर्ड सूचना पाटी टाँस तथा पम्प्लेट छपाई वितरण गर्ने
ग) फोहोरलाई वर्गीकरण गरेर डस्बिन तथा डम्पिङको ब्यवस्थापन गर्ने
घ) सञ्चार माध्यमहरुबाट प्रचार-प्रसार गर्ने
ङ) फोहोरको प्रकृति हेरी रिसाईक्लिङ्ग गर्ने
च) फोहोर बस्तुहरुबाट बिजुली उत्पादन गर्न प्लान्ट निर्माण गर्ने

३. गा.पा.को सौन्दर्यताको संरक्षण तथा बिकास :–

क) गाउँपालिका भरि भएका सौन्दर्यको संरक्षण, प्रवर्द्धन र बिकास गर्ने
ख) गा.पा.को सौन्दर्य बढ्ने खालका बोट-बिरुवा, भौतिक संरचना, मठ-मन्दिर निर्माण गर्ने
ग) चोक-चोकमा शौचालय, पार्किङ्ग, खेलमैदान, मनोरञ्जनका साधनहरु प्रयोगमा ल्याउने

४. बिपतको पूर्व तयारी :–

क) सम्भावित बिपतको अनुशन्धान गर्ने गराउने र सोही अनुसारको तयारी गर्ने
ख) बिपत व्यवस्थापनको लागि धनजन क्षतिहुनबाट जोगाउने
ग) सञ्चारका माध्यमबाट जनचेतना जगाउने
घ) तालिम प्राप्त प्राविधिकहरुलाई तयारी अवस्थामा राख्ने
ङ) प्रत्येक टोल-टोलमा युवाहरुलाई विपत ब्यवस्थापन सम्वन्धि तालिम दिने
च) बिपत ब्यवस्थापनको लागि कोषको ब्यवस्था गर्ने

५. बिपतको समय र त्यसपछिको ब्यवस्थापन :–

क) बिपतको समयमा जनसहयोग गर्ने र त्यसपछि विभिन्न संघ-सँस्था तथा दातृ निकायहरुलाई आर्थिक तथा भौतिक सहयोगको माग गर्ने
ख) बन, वातावरण र भूमिको आवश्यक्ता अनुसार ब्यवस्था गर्ने

५) सामाजिक बिकास समिति :–

संयोजक :– श्री ओम प्रसाद फगामी
सदस्य :– श्री राम बहादुर खड्का
सदस्य :– श्री दिलिप गर्बुजा
सदस्य :– श्री दिर्जु रन्तिजा
सदस्य :– श्री बुद्धि बहादुर पुन
सदस्य :– श्री योमाया पाईजा
सदस्य :– श्री एलिना रसाईली
सदस्य :– श्री गेम माया पुन

१) प्रारम्भिक भूमिकामा मधेश आन्दोलन, दलित, जनजाति लगायत अधिकार प्राप्तिका लागि ईतिहाँसको कालखण्डमा भएका बिभिन्न आन्दोलनको बारेमा उल्लेख गर्नुपर्ने

२) शिक्षा विना कुनै पनि सभ्य समाजको परिकल्पना गर्न प्रायः असम्भव छ । वर्तमान शिक्षा नीतिले तत्कालको कुनै पनि शिक्षाको समस्या समाधान गर्न सक्दैन । त्यसकारण नीतिगत रुपमै परिवर्तन आवश्यक भएकोले नीति निर्माण तर्फ मौन रहेको देखिन्छ ।

३) भुगोलको आधारमा वा बिद्यार्थी संख्याको आधारमा बिद्यालय तह थप तथा बिद्यालय समायोजन, पाठ्यपुस्तकमा परिवर्तन जस्ता कुरामा नीति तथा कार्यक्रम मौन देखिन्छ ।

४) स्वास्थ्य क्षेत्रलाई अरु थप दक्ष जनशक्ति दरबन्दीमा अनिवार्य सरकारी तर्फबाट उपलब्ध हुने कुनै पनि प्रकारका औषधि सहज उपलब्ध अनुगमनको पाटो अत्यन्त कडा हुनुका साथै नीति निर्माण गर्नुपर्ने

५) सामान्य परिवर्तनका लागि हालसम्म गैर-सरकारी सँस्थाले खेलेको भूमिकालाई हामीले सकरात्मक मान्नुपर्छ । काम गर्ने वातावरण, सहकार्यको भूमिका, गैर-सरकारी सँस्थाको सपस्थितिको आवश्यक्तालाई मनन गरी आवश्यक नीति निर्माण गर्ने तर्फ नीति बजेट योजन मौन देखिन्छ ।

५) लैङ्गिक विभेद अन्त्य गर्ने अथवा लैङ्गिक समनाताका निम्ती के-कस्तो कार्यक्रम ल्याउँदा उपयुक्त हुन्छ भन्ने सम्बन्धमा नीति, बजेट तथा योजना मौन रहेको देखिन्छ ।